# युगको अन्तका प्रतिमूर्ति वा प्रतिकहरू



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *मत्ती १२:३८-४२; योना ३:५-१०; प्रकाश १८:४; दानिएल ५:१-३१; प्रकाश १६:१२-१९; २ इतिहास ३६:२२,२३।*

**याद गर्नुपर्ने पद: "तिनले जवाफ दिएर भने, 'म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्‍वरको आराधना गर्दछु, जसले समुद्र र जमिन दुवै बनाउनुभयो'"** *(योना १:९)*।

यस अध्यायमा हामीले केही हदमा सिकेका अन्तिम दिनका घटनाहरूको बारेमा अन्तिम पटक हेर्नेछौं। यस अध्यायका केही प्रमुख कथाहरू हेर्नेछौं: निनवेमा योनालाई खटाइएको काम; बेबिलोन साम्राज्यको पतन र पर्सिया वा फारसका साइरस वा कोरेश राजा जसले परमेश्‍वरका जनहरूलाई स्वतन्त्र दिएर प्रतिज्ञा गरिएको देश अर्थात् इस्राएलमा फर्काएका थिए।

अरू ऐतिहासिक कथाहरूजस्तै यी ऐतिहासिक विवरणहरूले युगौँदेखि मानिसहरूलाई उल्लेखनीय अर्थहरू दिइरहेका छन्। तर येशू आउनुभन्दा अघि रहने अन्तिम पुस्ताको निम्ति पनि ती कथाहरूमा *विशेष महत्त्वपूर्ण* अर्थ भएको हामी पाउँछौं। त्यसको अर्थ ती ऐतिहासिक किस्साहरूमा विभिन्न तत्त्वहरू छन्

जुनहरूले अहिले हामीले सम्बोधन गरेको “वर्तमान सत्य”-लाई अझ राम्रोसँग बुझाउँछन्।

त्यसै समयमा अन्तिम दिनका घटनाहरूलाई पूर्वचित्रण गर्ने कथाहरू बुझ्नुपर्नेमा हामी सतर्क हुनुपर्छ। तिनीहरूमा भएका वृहत विषयहरू र चित्रणहरूलाई होसियारसाथ हामीले हेर्नुपर्छ। हामीले कुनै अमिल्दो र बाइबलका शिक्षाहरूसँग बाझिने भविष्यवाणीका व्याख्याहरू सृजना गर्नुहुन्न। येशूका अर्तिकथाहरूमा जस्तै हामीले मुख्य विषयवस्तु र नीतिहरूलाई औँल्याएको हेर्नुपर्छ। त्यसमा केही सत्यता लुकेको छ कि भनेर हामीले त्यो भेट्ने आशाका साथ प्रत्येक विशेषतालाई निचोर्न प्रयास गर्नुहुन्न। हामीलाई बुझाउन खोज्ने विषयवस्तुका रूपरेखा र शिक्षा वा सिद्धान्तहरूलाई गौण गरेर हेर्न सक्नुपर्छ। अनि हामीले अन्तिम दिनमा हुने घटनाका महत्त्वपूर्ण विवरणहरू पत्ता लगाउन सक्नेछौं।

# आनाकानी गर्ने अगमवक्ता

अगमवक्ता योनाको कथा छोटो छ *(योना १-४)*। तर त्यसमा अत्यन्तै प्रभावकारी शिक्षा समावेश भएको छ। कतिपय विश्वासीहरू आफूहरूले पनि आनाकानी गर्ने अगमवक्ताजस्तो भएको महसुस गरेका छन्। भविष्यवाणीका घटनाहरू पनि यस कथामा उल्लेखनीय रूपमा प्रस्तुत गरिएका छन्।

पढ्नुहोस्: **मत्ती १२:३८-४२ पढ्नुहोस्। जब येशूले फरिसी र यहूदी धर्मका पण्डितहरूलाई सम्बोधन गर्नुभयो तब उहाँले योनाका अनुभवका कुन किस्सालाई प्रयोग गर्नुभएको थियो? न्यायको बारेमा उहाँले के व्यक्त गर्नुभएको थियो?**

आफू योनाभन्दा महान् छु भनेर येशूले घोषणा गर्नुभएको थियो। उहाँलाई थाहा थियो कि यस संसारमा उहाँको आगमनको अर्थ उहाँ क्रूसमा पर्नु हो। तैपनि उहाँ यस संसारमा आउनुभयो ताकि उहाँले अनन्त जीवन पाउन चाहनेहरूलाई खोज्न र अनन्त जीवन दिन सकून् *(लूका १९:१०)*। आफ्ना पापहरूका कारण योना ठूलो माछाको पेटमा तिन दिन बिताउनुपरेको थियो। हाम्रा पापहरूका कारण येशू चिहानमा तिन दिन बिताउनुभएको थियो। पापमै रमाउन चाहनेहरूलाई मुक्ति दिन उहाँले त्यो अनुभव गर्नुपरेको थियो।

जब हामी योनाको बारेमा अरूहरूलाई सुनाउँछौं, हामीलाई थाहा छ कि उनी आनाकानी गर्ने अगमवक्ता थिए। परमेश्वरले चाहनुभएको निनवेमा उनी जान चाहेका थिएनन्। मानवीय परिवेशमा उनी निनवेमा किन जान चाहेनन् भनेर हामीले बुझ्न सक्छौं: अश्शूरीहरूले निरङ्कुश र निर्मम यातना दिएर शासन गरेका थिए। तिनीहरूले जितेका देशका जनताहरूमाथि तिनीहरूले कस्तो कठोरता देखाएर मारेका थिए। त्यो क्रूरता मानिसले सोच्नै नसक्ने थियो। तिनीहरूकै राजधानीमा गएर प्रचार गर्न कसको आँट हुनेथियो होला?

एड्भेन्टिस्टहरूको अभियानमा अन्तिम दिनमा हुने घटनालाई योनाको कथाले महत्त्वपूर्ण चित्रण गरेको छ। योनालाई उनी को हो भनेर सोध्दा उनले यो जवाफ दिएका थिए, "म त हिब्रू हुँ; र म स्वर्गका परमेश्वरको भय मान्छु अर्थात् उहाँको आराधना गर्छ जसले नै समुद्र र सुक्खा भूमिलाई सृष्टि गर्नुभएको थियो" *(योना १:९)*। उनले पहिलो स्वर्गदूतका सन्देशलाई प्रतिबिम्बित गर्दछन् *(प्रकाश १४:७)*। समुद्र र पृथ्वीलाई सृष्टि गर्ने प्रभु भनेर उनले औँल्याउँदा उनले सृष्टिकर्तालाई औँल्याएका थिए। त्यसैको आधारमा हामीले उहाँको आराधना गर्नुपर्छ। उहाँलाई आराधना गर्नु नै अन्तमि दिनका घटनाहरूको केन्द्रबिन्दु हुनेछ।

आत्मिक बेबिलोनमा प्रायः जसो कसैले सुन्न नचाहने र अलोकप्रिय सन्देशलाई सुनाउन हामीलाई पनि खटाइएको छ। "उनीबाट निस्केर आऊ" *(प्रकाश १८:४)* भनेर संसारका मानिसहरूलाई सुनाउनुको अर्थ तिनीहरूले पश्चात्ताप गर्नुपर्छ भनेर आह्वान गर्नु हो। यो सन्देश धेरै मानिसहरूका निम्ति आपत्तिजनक छ। दया, परोपकारिता, करुणा आदि देखाएर त्यो सन्देश सुनाउँदा पनि प्रायः जसो मानिसहरूले त्यो सन्देशलाई तिरस्कार र अस्वीकार गर्दछन्। यो सुनाउने हाम्रो काम भए तापनि कतिपयले त्यसको तिरस्कारीय प्रतिक्रिया जनाउन मात्र होइन हामीप्रति विरोधी मनस्थिति पनि कतिपय स्रोताहरूका दिमागमा उब्जिन थाल्छ।

**तपाईंको आफ्नै जीवनमा तपाईं कतिको योनाजस्तै हुनुभएको पाउनुभएको छ? तपाईंमा भएको गलत प्रविधिभन्दा तपाईं कसरी अपार हुन सक्नुहुन्छ?**

# पश्चात्ताप गराउने काम

निनवेका मानिसहरूलाई योनासँग अत्यन्तै विशेष सन्देश थियो। "पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, 'अबको चालीस दिनमा निनवे नष्ट हुनेछ'" *(योना ३:४)*। उनको सन्देश स्पष्ट थियो: त्यो सहर ध्वस्त हुनेथियो। के त्यो सन्देश परमेश्वरको अगमवक्ताबाट सिधै आएको होइन र?

तैपनि निनेवमा के भयो?

पढ्नुहोस्: **योना ३:५-१० पढ्नुहोस्। योनाका भविष्यवाणी के थियो र किन पूरा भएन?**

______________________________________________

______________________________________________

सारा राजधानीका मानिसहरूले पश्चात्ताप गरे। सहरलाई नाश गर्ने भविष्यवाणी केही समयको निम्ति भए पनि रोकिएको थियो। "तत्कालीन विध्वंसबाट तिनीहरू बचे। त्यस मूर्तिपूजा गर्ने राज्यभरि इस्राएलका परमेश्वरको नाउँ उचालिएको थियो र आदर गरिएको थियो। उहाँका आज्ञाप्रति श्रद्धा देखाएको थियो। धेरै वर्षपछि मात्र निनवे ध्वस्त भएको थियो। तिनीहरूले परमेश्वरलाई बिर्सेकोले तिनीहरू वरिपरिका राष्ट्रहरूका सिकार बनेका थिए। तिनीहरूले आफ्ना अभिमानमा घमण्ड गरेका कारणले तिनीहरू पतन भएका थिए।"—एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस*, पृ. २७१।

युगको अन्तमा पनि केही हदमा त्यही हुने हामी अपेक्षा गर्न सक्छौं र? पतित र अहङ्कारी समाज र विश्वलाई जब हामी अन्तिम सन्देश दिन्छौं, के सबैले अस्वीकार गर्छन् त? गर्छन् र गर्दैनन् पनि। त्यसको अर्थ संसारभरि धेरै मानिसहरू हुनेछन् जसले पश्चात्तापको यो आह्वानलाई स्वीकार्नेछन्, "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ" *(प्रकाश १८:४)*। पशुको प्रतिरोधमा संसारभरि मानिसहरू हुनेछन् जो आफ्ना आस्थाको निम्ति खडा हुनेछन्।

तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्नेछन् र येशूमाथिको विश्वासले र उहाँको विश्वासले तिनीहरू सजिनेछन् *(प्रकाश १४:१२)*। निनवेका मानिसहरूलाई जस्तै परमेश्वरको न्यायबाट तिनीहरू बच्नेछन्।

निनवेको ध्वस्त हुने जस्ता कतिपय भविष्यवाणीहरू सर्तमा दिइएका हुन्छन्। *मानिसहरू आफ्ना पाप, अधर्म र दुष्ट कामहरूबाट फर्केनन् भने* कतपिय मानिसहरू नाश हुनेछन् *(यर्मिया १८:७-१०)*। तर कतिपय भविष्याणीहरू सर्त देखाएर आउँदैनन्। जे भए तापनि तिनीहरू पूरा त हुनेछन्। मानिसहरूका प्रत्युत्तर जे भए तापनि ती भविष्यवाणीहरू पूरा हुनेछन्। येशू मसीहको पहिलो र दोस्रो आगमन, पशुको छाप, महामारीको वर्षा, अन्तको युगमा हुने सतावटहरू सर्तमा दिएका भविष्यवाणीहरू होइनन्। मानिसले जे गरे तापनि वा नगरे तापनि तिनीहरू पूरा हुनेछन्। तर मानिसहरूले जे गर्छन् वा तिनीहरूले जे निर्णय गर्छन् त्यसले तिनीहरू कसको पक्षमा छन् भने देखाएको हुन्छ। अन्तिम युगमा हुने घटनाहरूका भविष्यवाणी जब खुल्दैजान्छन् प्रत्येक मानिस परमेश्वरको पक्षमा कि शैतानको पक्षमा उभिएको छ भनेर देखाइनेछ।

**तपाईंले अहिले के निर्णय गरिरहनुभएको छ जसले तपाईंको भविष्य निर्धारण हुन्छ? तपाईंले परमेश्वरको आराधना गरिरहनुहुनेछ कि पशुको मूर्तिलाई पूजा गर्नुहुनेछ भन्ने कुरामा आज तपाईंले गर्नुभएको निर्णयहरूले प्रभाव पार्न सक्छन्।**

# बेलसजरको भोज

ई.पू. ६१२तिर निनवे सहर ध्वस्त भएको थियो। मादी र बेबिलोनीहरूको गठबन्धन सैनिकले नबूकदनेसरका पिताको नेतृत्वमा त्यो सहर ध्वस्त बनाएको थियो। त्यसपछि बेबिलोन सहरमा पुनर्जागरण भएको थियो। नीति दिने महान् हामुराबीको समयदेखि यस्तो जागरण देखिइएको थिएन। नबूकदनेसर अब अश्शूरको पकडबाट स्वतन्त्र भएपछि बेबिलोन सहरको समृद्धि बढेको थियो। त्यस सहरको धन र प्रभाव अचाक्ली रूपमा बढेको थियो। त्यसले गर्दा छिमेकी राष्ट्रहरू मन नपराए तापनि बेबिलोनको नियन्त्रणमा रहन वाध्य भएको थियो। उनी तत्कालिन विश्वकी महारानी थिइन्। जो राष्ट्रहरू उन्नति गर्न चाहन्थे, तिनीहरू बेबिलोनप्रति बफादारी हुनुपरेको थियो। हामीले थाहा पाएअनुसार सम्राट् नबूकदनेसर दानिएलका परमेश्वरलाई विश्वास गरेर देहान्त भएको थियो। उनी सारा राष्ट्रहरूका अधिपति थिए *(दानिएल ४:३४-३७)*। अब दानिएलले नबूकदनेसरभन्दा पछि आउने राजा, बेलसजरको बारेमा विवरण प्रस्तुत गर्दछन्।

पढ्नुहोस्: **दानिएल ५:१-३१ पढ्नुहोस्। त्यसमा लेखिएको विवरणबाट हामीले के महत्त्वपूर्ण आत्मिक सन्देशहरू पाउन सक्छौं? बेलसजरको अन्त्य केले गर्दा भएको थियो?**

__________________________________________________

__________________________________________________

दानिएल ५:२२मा शायद अत्यन्तै दुःखलाग्दो र बिजोगको वृत्तान्त लेखिएको होला। नबूदनेसरको पतन र पुनर्स्थापनाको बारेमा वृत्तान्त बताएपछ दानिएलले उनको हृदयको पर्दाफास गर्छन्, "हजुरलाई हजुरका पिताको बारेमा सबै थाहा भए तापनि हजुर, उहाँका पुत्रले हजुरको हृदय नम्र बनाउनुभएन।" राजालाई प्रतक्ष्य रूपमा सत्यलाई थाहा पाउने अवसर भए तापनि उनका बुबालाई के भयो त्यसलाई उनले बेवास्ता गरेका थिए। नबूकदनेसरलाई जे सङ्कट आइपरेको थियो त्यही सङ्कट बेलसजरमाथि थुप्रेको थियो।

नबूकदनेसरले सुनको मूर्ति बनाएर परमेश्वरको अस्तित्वप्रति हाँक दिएका थिए। त्यसै गरी बेलसजरले पनि परमेश्वरको विरुद्धमा चुनौती दिएका थिए। उनले यरूशलेमको मन्दिरबाट लुटेर ल्याएका मन्दिरका भाँडाकुँडाहरू भोजको बैठकमा ल्याएर तिनीहरूको अपमान र बेइज्जत गरेका थिए। बेबिलोनीहरूले यहूदीहरूमाथि विजय प्राप्त गरेर अब परमेश्वरका धार्मिक सामानहरू पनि उनको अधिकारमा रहेको भनेर उनले फुर्ती देखाएका थिए। परमेश्वरमाथि तिनीहरूको प्रभुत्व छ भनेर उनले देखाउन चाहेका थिए। त्यसको फलस्वरूप दानिएलले तिनीहरूको पतनको भविष्यवाणी गरेका थिए।

परमेश्वरको अस्तित्वप्रति प्रशस्त प्रमाण भए तापनि बेलसजरले सरासर उहाँको बेइज्जत गर्न सुर कसेका थिए। के असल थियो त्यो उनलाई थाहा भए तापनि उनले आफ्नो विवेकलाई मिचेका थिए। सत्यको बारेमा उनको दिमागले प्रशस्त थाहा थियो, तर उनको समस्या त हृदयको थियो। युगको अन्तमा जब सङ्कटहरू यस संसारमा थुप्रिन्छन् तब मानिसहरूलाई सत्यको बारेमा थाहा पाउने अवसर दिइनेछ। त्यो बेलसजरको जस्तै तिनीहरूका हृदयमा जे छ तिनीहरूका भविष्य निर्धारण हुनेछ।

# यूफ्रेटिस नदीलाई सुकाइन्छ

बेबिलोनका पर्खालहरूमुनिबाट यूफ्रेटिस नदी बग्द्थ्यो। यसले त्यस सहरका मानिसहरूलाई असीमित रूपमा पानीको आपूर्ति हुन्थ्यो। यसले बेबिलोनलाई सम्पन्न र बलियो बनाएको थियो। बेबिलोनलाई कमजोर बनाउने पनि यही नदी भएको थियो। बेबिलोनकी पौराणिक रानी निटोक्रिसले नदीको किनारामा माटो संरचनाहरू बनाएर त्यसलाई सहरमा आउने बाटोको रूपमा विकाश गरेकी थिइन्। यस प्रक्रियामा उनले नदीको पानीलाई दलदले ठाउँमा मोडेकी थिइन् ताकि टोलीहरू आरामसँग काम गर्न सकियोस्। उनी पनि त्यस्तै गर्न सक्छन् भनेर कोरेसले बुझे, अर्थात् यूफ्रेटिस नदीलाई यति सुकाउन सक्थ्यो कि उनी आरामसँग आफ्ना सेनाहरूलाई पर्खालमुनि हिँडाउन सक्थे भनी उनले बुझे। ती नदीको छेउमा भएका पर्खालहरूलाई रक्षा गर्ने कोही थिएन। त्यसको फलस्वरूप एकै रातमा बेबिलोन सहरको पतन भयो। पौराणिक इतिहासकार हेरोदोटसले यो लेख्दछन्, "बेबिलोन सहरको मध्यभागमा रहेका मानिसहरूलाई तिनीहरूका वरिपरि रहेका गाउँहरू नाश भयो भनेर थाहा थिएन। यो चाड पर्वको समय थियो। मानिसहरू नाचगानमा व्यस्त थिए। तिनीहरू मोजमज्जा गरिरहेका थिए।"—हेरोदोटस, *द हिस्टोरीज*, टम होलान्डबाट अनुवादित (न्यु योर्क: पेन्गिवन, २०२५), पृ. ९४। दानिएल ५मा चित्रण गरेको त्यही भोज थियो भनेर शङ्का गर्ने ठाउँ छ त?

पढ्नुहोस्: **दानिएल ५:१८-३१ र प्रकाश १६:१२-१९ पदहरू पढ्नुहोस्। प्रकाशको पुस्तकमा उल्लेख गरिएका महामारीहरू र बेबिलोनको पतनको कथामा के समानान्तर तपाईंले पाउनुहुन्छ?**

युगको अन्तमा हुने चिन्हहरूका बारेमा बताउँदै येशूले चेलाहरूलाई यो सतर्क गराउनुभएको थियो, "यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर

फोर्न दिनेथिएन" *(मत्ती २४:४२-४३)*। बेबिलोनको पतनमा भएको जस्तै जब येशू आउनुहुन्छ तब आधुनिक बेबिलोन पनि त्यही रूपमा छक्क पर्नेछ। हाम्रो निम्ति त्यो हुन आवश्यक छैन किनकि उहाँ आउनुभन्दा अघि हुने भविष्यवाणीहरू हामीलाई पर्याप्त मात्रामा उपलब्ध गराइएको छ।

परमेश्वरले भविष्यवाणी गर्नुभएको लेखाहरूप्रति मात्र अनजान भएर संसारका मानिसहरू छक्क परेर तिनीहरूको नाश हुँदैन; तर तिनीहरूले जानाजानी परमेश्वरलाई विश्वास नगर्ने निर्णय गरेकोले र जे हुनेछ त्यसप्रति बेवास्ता गरेकोले तिनीहरूको विनाश हुनेछ।

**युगको अन्तमा हुने चेतावनीहरूका बीचमा प्रकाश १६:१५मा सुसमाचार कोरिएको छ। नाङ्गो भएर हिंड्नु आवश्यक छैन भनेको अर्थ के हो?**

___

# साइरस वा कोरेस जो अभिषेक गरिएको

साइरस वा कोरेस राजाले बेबिलोनलाई कब्जा गरेका थिए। वर्षौंदेखि बन्धकमा रहेका परमेश्वरका जनहरू स्वतन्त्र भएका थिए। फारस (पर्सिया)-का राजाले प्रतिज्ञा गरिएको देशको मन्दिरको पूनर्निर्माण गर्न यहूदीहरूलाई फर्काएका थिए। साइरस वा कोरेस राजाको राजकालमा फारस साम्राज्य इतिहासको सबभन्दा ठूलो साम्राज्य भएको थियो। इतिहासविद् टम हलान्डले यसरी लेख्छन्, "संसारले पहिले कहिल्यै नदेखेको विश्वका धेरै क्षेत्रहरू फारसले ओगटेको थियो।"—*डोमिनियन* (न्यू योर्क: बासिक बुक्स, २०१९), पृ. २५।

फारसको चलनअनुसार कोरेसलाई "महान् राजा" वा "राजाहरूका राजा" भनेर सम्बोधन गरिएको थियो।

येशू फर्किनुभएपछि उहाँको चर्चलाई के हुनेछ भनेर साइरस वा कोरेसको कथाले पूर्वसूचना दिन्छ: उहाँ पूर्वबाट आउने राजा हुनुहुन्छ *(मत्ती २४:२७)*। बेबिलोनसँग युद्ध गर्नेछ र उहाँका जनहरूलाई बेबिलोनबाट उद्धार गर्नुहुनेछ र आखिरमा प्रतिज्ञा गरिएको देशमा तिनीहरूलाई फर्काउनुहुनेछ *(प्रकाश १९:११-१६)*। त्यसैकारण, साइरस वा कोरेसलाई परमेश्वरले आफ्नो अभिषेक जन भनेर घोषणा गर्नुभएको थियो *(यशैया ४५:१)*। उनले परमेश्वरका जनहरूलाई बेबिलोनबाट स्वतन्त्र मात्र पारेनन्, उनी येशूको दोस्रो आगमनको प्रतिक पनि हुन गएको थियो।

**२ इतिहास ३६:२२, २३ पढ्नुहोस्। कोरेसको कथा नेबूकदनेसरसँग कसरी मिल्दछ? केमा फरक छ? त्यहाँ दिएको आदेश किन महत्त्वपूर्ण छ? शताब्दीयौँ पछि आउनुभएको येशूको बारेमा त्यस आदेशले कस्तो प्रभाव पारेको छ?**

________________________________________

________________________________________

पुरानो करारका बाइबलका पुस्तकका क्रमहरूलाई अहिले मलाकीमा अन्त्य गरिएको छ। सुरुमा पुरानो करार उपर्युक्त पदका साथ अन्त्य भएको थियो।

कोरेसको आदेशपछि पुरानो करार अन्त्य भएको थियो। धर्मशास्त्रको क्यानन वा मान्यताप्राप्त शास्त्रको अर्को पुस्तकचाहिँ मत्ती भएको थियो। यो येशूको जन्मभएबाट सुरु भएको थियो। उहाँ कोरेस राजाको प्रतिकको सार्थक हुनुहुन्थ्यो। येशूले स्वर्गमा रहेको पवित्र मन्दिरको सेवाकार्यलाई सुरु गर्नुहुनेथियो। त्यसपछि उहाँ यस संसारमा आउनुभएर हामीलाई शैतानको जालबाट स्वतन्त्र गर्नुहुनेछ।

कोरेश राजा येशूका *सक्कल वा पक्का* प्रतिक त होइन; येशूलाई कुनै प्रतिकले पूरा देखाउन सक्दैन। त्यहाँ भएको विस्तृत विवरणलाई हामीले होसियारसाथ पढ्नुपर्छ। तैपनि कोरेस मुक्तिदाताको प्रतिक भएर खेलेकोमा हामीले त्यसलाई पन्छाउनुहुन्न।

**परमेश्वरले आफ्नो इच्छा उल्लेखनीय रूपमा पूरा गर्न उहाँले मूर्तिपूजा गर्ने राजालाई प्रयोग गर्नुभएकोमा हामीलाई अचम्म लाग्छ। हाम्रो दिमागले भेट्न वा बुझ्न नसके तापनि अन्तमा आएर भविष्यवाणी गरेकै अनुसार जसरी भए पनि पूरा हुनेछन् भन्ने सत्य ज्ञानलाई हामी कसरी सिकिरहने?**

**थप जानकारी:** एलेन जी. ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ५३५-५३८, "द अनसिन वाचर" भन्ने अध्याय पढ्नुहोस्।

"यस संसारको प्रत्येक राष्ट्रलाई काम गर्ने मञ्चमा खडा हुन अनुमति दिएको छ। चियो गर्ने र पवित्र परमेश्वरले खटाउनुभएको लक्ष्य त्यस राष्ट्रले पूरा गर्छ कि गर्दैन भनेर उहाँले हेरिरहनुहुन्छ। महान् साम्राज्यजस्तै बेबिलोन, मादी र फारस, ग्रीस र रोमको उदय, प्रगति र पतनको बारेमा भविष्यवाणीमा पाइएको छ। ती प्रत्येक साम्राज्य र कम शक्ति भएका साना राष्ट्रहरूमा इतिहास दोहोरिने क्रम जारी नै छ। प्रत्येक राष्ट्रलाई परीक्षणको समय दिएको थियो। प्रत्येक राष्ट्र असफल भएको थियो, र त्यसको महिमा विलय भएको छ, त्यसको शक्ति खतम भएको छ। राष्ट्रहरूले परमेश्वरका नीतिहरूलाई अस्वीकार गरे तापनि र तिनीहरूकै पतनलाई निम्त्याए तापनि युगौँ-युगसम्म परमेश्वरको लक्ष्यमाथि उहाँले नै प्रभुत्व जमाइरहनुभएको छ।"—एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस*, पृ. ५३५।

कुमालेले माटोको भाँडो बनाएको अगमवक्ता यर्मियाले गौण गरेर हेरेको यर्मिया १८मा उल्लेख गरिएको छ। कुमालेले आफ्नो इच्छाअनुसार भाँडोलाई आकार बनाएको थियो। कुमाललेले भाँडो बनाएको चित्रणले परमेश्वरले पनि उहाँकै इच्छाअनुसार बाइबलको भविष्यवाणीहरू पूरा गर्नको लागि सर्तहरू भएका देखाइएको पाइन्छ। उहाँले नै नियन्त्रण गरेर होइन तर मानिसहरूको आत्मनिर्णयमा सुम्पिएर भविष्यवाणी पूरा भइरहेको पाइन्छ। "यदि कुनै बेला कुनै जाति अथवा कुनै राज्यको विषयमा त्यसलाई उखेलिदिन्छु, तोड़िदिन्छु र सर्वनाश गरिदिन्छु भनी मैले भनेको छु भने, र यदि मैले चेताउनी दिएको जातिले आफ्नो खराबीदेखि पछितो गऱ्यो भने, मैले सोचेको विपत्ति त्यसमाथि ल्याउनदेखि म मेरो मन बद्लनेछु। अनि यदि कुनै जाति अथवा कुनै राज्यको विषयमा म त्यसलाई बनाउनेछु र खड़ा गर्नेछु भनी कुनै समयमा मैले घोषणा गरेको छु भने, र त्यसले मेरो कुरा नसुनेर मेरो दृष्टिमा खराबी गऱ्यो र मेरो आज्ञापालन गरेन भनेदेखि, त्यसलाई असल गर्ने मेरो विचारमाथि फेरि म विचार गर्नेछु" *(यर्मिया १८:७-१०)*। हामीले स्पष्टसँग प्रभुको काम बुझाउन यर्मिया मार्फत त्यो चित्रण गरिएको थियो।

## छलफलको लागि प्रश्नहरू:

१. सत्यबाट बरालिने परमेश्वरका जनहरूको भन्दा निनवेका मानिसहरूको न्याय असल हुनेछ भन्ने येशूले व्यक्त गर्नुभएको भावनालाई हेर्नुहोस् *(मत्ती १२:३९-४२मा हेर्नुहोस्)*। यस चेतावनीबाट परमेश्वरको चर्चले के पाठ सिक्न सक्छ?

२. एलेन जी. ह्वाइटले व्यक्त गर्नुभएको प्रत्येक क्रमिक राष्ट्रले इतिहास दोहोऱ्याएको छ भन्ने भावनालाई सोच्नुहोस् (*प्रोफेटस एण्ड किङ्गस*, पृ. ५३५)? सारा साम्राज्यमा साझा धागो वा नियतहरू बाइबलको भविष्यवाणीअनुसार कसरी बुनिएको पाइन्छ? वर्तमान संसारका राष्ट्रहरूले पनि त्यहीअनुसार कसरी चलिरहेका छन्?

३. विश्वासबाट अलग राख्ने दिमाग होइन तर हृदय हो भन्ने धारणाको बारेमा सोच्नुहोस्। अरूहरूलाई सुसमाचार सुनाउने क्रममा यो ज्ञानले तपाईंलाई कसरी प्रभाव पार्न दिनुपर्छ।

## “हामीले यस कारोबारमा मिलौं”

*लेखिका:* लौरी डेनस्की-स्नाइमान

एक जना घरपतिले किताब बेचिरहेकी मरियालाई घरमा बोलाएपछि उनी खुशी भइन्। उनले बेचिरहेकी किताबहरू त्यस घरपतिले हेर्न चाहेको थियो। मरिया दक्षिन एशियाको अल्प इसाई भएको देशमा किताबहरू बेचिरहेकी थिइन्। मरियाले स्वास्थ्य सम्बन्धी धेरै पुस्तकहरू उनको झोलाबाट निकालिन्।

त्यसै बिचमा रोकेर त्यस घरपतिले भन्यो, “मलाई थाहा छ तिमीले के गरिरहेको। तिमीले हल्का र सबैको चासो हुने किताब देखाइरहेकी छ्यौ। अनि विस्तारै इसाई पुस्तकहरू मैले हेरेको तिमी चाहन्छौ। तिम्रो नियत मलाई थाहा छ। त्यसकारण तिमीसँग भएको इसाई किताबहरू पहिला मलाई देखाऊ।”

मरियाले भित्रभित्रै प्रार्थना गरिन्। “प्रभु मलाई सहयोग गर्नुहोस्। मैले के भन्ने सो थाहा नै भएन,” उनले भनिन्। अनि त्यस घरपतिलाई सुनाइन्, “मसँग स्वास्थ्य र धर्मको विषयमा धेरै किताबहरू छन्। तपाईंले जे हेर्न चाहनुहुन्छ, ती तपाईंलाई देखाउन चाहन्छु। यदि धर्मको बारेमा तपाईंलाई चासो छ भने त्यसका किताबहरू पनि तपाईंलाई देखाउन चाहन्छु।”

चिउँडोमा हात राख्दै घरपतिले भन्यो, “ल त एउटा कुरामा हामी सहमत होऔं। यदि तिमीले तिम्रो धर्मको बारेमा मलाई जवाफ दिन सक्छौ भने म तिम्रो सबै किताबहरू किन्छु।”

मरिया त चिन्तामा पो परिन्। उनले लामो सास फेरेर भनिन्, “तपाईंले जे सोध्नुभए तापनि त्यसलाई जवाफ दिन म धेरै बुद्धिमानी छैन। मलाई सहयोग चाहिन्छ। के पहिला म प्रार्थना गर्न सक्छु कि?”

घरपतिले हुन्छ भन्यो। मरियाले सुन्ने गरेर प्रार्थना गरिन्। उनले बुद्धि र ज्ञानको निम्ति प्रार्थना गरिन्। अनि येशूको नाउँमा प्रार्थना समाप्त गरिन्।

तुरुन्तै, त्यस मानिसले सोध्यो, "हामी येशूलाई अगमवक्ताको रूपमा मान्छौं, तर तिमीहरूले त उहाँ परमेश्वर हुनुहुन्छ भनेर दाबी गर्छौ। यसो किन दाबी गर्छौ? मानिस कसरी परमेश्वर हुनु सक्छ र?"

आनाकानी नै नगरी मरियाले जवाफ दिइन्, "धेरै मानिसहरूले सोच्छन् कि यस पृथ्वीमा येशूले आफ्नो जीवन बच्चादेखि सुरु गर्नुभयो। तर उहाँ त्यसभन्दा पहिले नै हुनुहुन्थ्यो। येशू त्रिएक परमेश्वरको एक हुनुहुन्छ। परमेश्वरले उहाँलाई यस पृथ्वीमा बालकको रूप धारण गराएर पठाउनुभयो। उहाँले मानव रूप धारण गर्नुभएको थियो। उहाँ प्रधान पूजारी पनि कहलाइनुहुन्छ। अहिले उहाँले हाम्रा पापहरूका निम्ति पहल गर्दैहुनुहुन्छ। उहाँ केवल अगमवक्ता मात्र होइन। उहाँ अगमवक्ताभन्दा महान् हुनुहुन्छ। उहाँ हाम्रो पूजारी हुनुहुन्छ। मेरो निम्ति मात्र होइन उहाँलाई विश्वास गर्ने सबैका निम्ति उहाँ पूजारी हुनुहुन्छ।"

टाउकोमा हात राखेर त्यस मानिसले भन्यो, "यो त कस्तो मज्जाको कुरो मैले सुनें। यस्तो मैले कहिल्यै सुनेको थिइँन।"

त्यो त पहिलो र अन्तिम प्रश्न मात्र थियो। आँखामा आँशु भर्दै उसले मरियाकी सबै किताबहरू किन्यो। जब मरिया घरबाट अभिवादन गर्दै निस्केकी थिइन्, त्यस मानिसले भन्यो, "तिमीले मैले चाहेको प्रश्नलाई राम्रोसँग जवाफ दियौ। अब म तिम्रा सबै किताबहरू पढ्ने छु।"